## गाउँसभाको बैठकमा

## गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूद्धारा प्रस्तुत

आर्थिक वर्ष २०७६/०७७ को

# नीति तथा कार्यक्रम

भूमे गाउँपालिका

खाबाङबगर, रुकुम (पूर्वी भाग)

२ आषाढ २०७६

**गाउँपालिका उपाध्यक्षज्यू,**

**भूमे गाउँपालिका गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

**र रेडियो सुनेर बस्नुभएका आम भूमे गाउँपालिकाबासीहरु,**

१. नेपालको संविधान बमोजिम गठित स्थानीय तहको रुपमा रहेको स्थानीय सरकारको तर्फबाट यस गरिमामय गाउँसभामा स्थानीय सरकार प्रमुखको हैसियतले तेस्रो पटक नीति तथा कार्यक्रमको रुपमा भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेको छु ।

२. यस विशेष अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, माओवादी जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान वीर शहीद, घाइते, अपाङ्गहरुको त्याग र बलिदान तथा अग्रजहरुको योगदानको उच्च सम्मान प्रकट गर्दछु ।

३. स्थानीय सरकारको गठन भएपछि संघात्मक शासन व्यवस्था मार्फत नेपालको संविधानले परिकल्पना गरेको **गाउँ गाउँमा सिंहदरबार**को अवधारणालाई मूर्तरुप दिने चुनौति र अवसर हाम्रो काँधमा आएसँगै स्थानीय तहको सरकारको हैसियतमा स्थानीय शासन सञ्चालन र व्यवस्थापनको दुई वर्षको अनुभव प्राप्त भएको छ । अन्यौलताको यो छोटो अवधिमा पनि संविधान प्रदत्त अधिकारक्षेत्रको प्रयोग गर्दै नेपाल सरकारले लिएको **सुखी नेपाली समृद्ध नेपाल** नारालाई सार्थक बनाउन यो स्थानीय सरकारको तर्फबाट समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न धेरै नै महत्वकाँक्षी र दूरगामी लक्ष्यसहितको योजनाको सुरूवात र कार्यान्वयनको जग निर्माण गरिएको छ ।

४. भूमे गाउँपालिकाको समृद्धि र समुन्नतिका लागि एकीकृत गुरुयोजना निर्माण भएको छ । गुरुयोजनालाई मूर्तरुप दिनका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ। आत्मनिर्भरता उन्मुखका लागि राजश्व र कर प्रशासनलाई समेत प्रमुख आधारको रुपमा लिइनेछ । सबै पेशा व्यवसायलाई करको दायरामा समेटिनेछ ।पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजस्व संकलनलाई व्यवस्थित गर्नका लागि आवश्यक जनशक्ति व्यवस्था

गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा उच्च प्राथमिकता दिइनेछ । बजेट विनियोजन गर्दा वडागत जनसंख्या, भूगोल, वस्ती, पूर्वाधार, मानव विकास सूचकाङ्क लगायत वस्तुगत तथ्य र तथ्याङ्कका आधारमा संविधानले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्ने गरी तय गरिनेछ। बजेट विनियोजन तथा योजना छनौटको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

५. संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र बस्तीस्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, ग्रामीण सडक, ऊर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ।

६. गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाउन ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ।अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, भ्रमण कार्यक्रमहरु ल्याइनेछ ।

७. स्थानीय उद्योग क्षेत्रको प्रवर्द्धन गरी रोजगारी सृजना र स्वावलम्बनमा जोड दिइनेछ । जसका लागि बाह्य लगानी आकर्षणका लागि आवश्यक नीतिगत तथा प्रशासनिक योजना ल्याइनेछ । लक्षित वर्ग तथा समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाई समूहमा सञ्चालनमा लिई आधुनिकीकरण गर्ने प्रस्ताव गरेमा वडा कार्यालयको सिफारिशमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

**उपस्थित महानुभावहरु तथा आम गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु,**

८. भूमे गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरणमा जोड दिइनेछ । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै थोपा तथा कुलो सिंचाई, मलखाद, बीउबिजनको उपलब्धता र सुधारमा

जोड दिइनेछ । हरेक वडामा सामूहिक तरकारी खेती, फलफूल खेती सञ्चालन मार्फत केही रोजगारीका अवसरहरु सिर्जना गरिनेछ । एक घर एक करेसाबारी कार्यक्रम मार्फत कृषि र पोषणलाई सँगसँगै जोड दिइनेछ । युवाहरुलाई कृषि क्षेत्रमा आकर्षण गर्ने कार्यक्रम ल्याइनेछ । प्राङ्गारिक मल निर्माणलाई व्यवस्थित र व्यवसायिकता विकास गरेर **अर्ग्यानिक उत्पादनः भूमेको पहिचान** भन्ने नारालाई सार्थकता दिइनेछ।

९. आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ। पशु तथा बाली बीमा कार्यक्रममा कृषकको पहुँच सुनिश्चितका लागि आवश्यक पहल र ठोस कदम चालिनेछ।

१०. अण्डा, मासु र दूधमा आत्मनिर्भर हुन पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना भेडा फर्म, बाख्रा फर्म, कुखुरा फर्म, बंगुर फर्म, गाइ/भैंसी फर्म हरुलाई प्रोत्साहन गर्ने खालका नमूना कार्यक्रमहरु ल्याउन नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारहरुसँग समेतको हातेमालोका लागि पहलकदमी गरिनेछ। पशु स्वास्थ्य र नियमन, प्रजनन र प्रसार कार्यक्रमलाई नियमित रुपमा बढावा दिइनेछ ।

११. खाद्य सुरक्षा र खाद्य सम्प्रभूता सुनिश्चित गर्न खाद्य सम्प्रभूता सम्बन्धी कानून तर्जुमा गरी उत्पादक र उपभोक्ताको अधिकार सुरक्षित गरिनेछ । कृषि उपजलाई वस्तु तथा मुद्रा विनिमयको आधारमा खरिद गरी संकलन, भण्डारण, वितरण र बजारीकरण गर्न कृषि उपज संकलन तथा भण्डारण केन्द्रको स्थापना र सुदृढीकरणलाई जोड दिइनेछ। **"घर-घरमा करेसाबारीः कृषक रोजगारी"** को अवधारणालाई कार्यान्वयनमा ल्याईनेछ ।

१२. कृषितर्फ प्राविधिक जनशक्ति थप गरी "एक गाउँ एक प्राविधिक" कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ। माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।उकृष्ट कृषक छनौट गरी वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१३. गाउँपालिकामा कृषकका अनुभव आदान प्रदान र छलफल चौतारीको रुपमा विकास गर्न गाउँपालिकास्तरीय अगुवा कृषक सञ्जाल गठन गरी कृषि सामाग्री र सूचनामूलक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

१४. उत्पादनको पहिचान गरी कृषि पकेट क्षेत्र छनौट गरेर सबै वडाहरुमा नगदे बालीमा आधारित आलु, सिमी, भटमास, लसुन लगायत तरकारी खेती तथा कागती, केरा, ओखर, नास्पति लगायत अन्य फलफूल खेतीको

प्रवर्द्धनका लागि उपयुक्त स्थानमा कृषि उपकेन्द्र, बागवानी केन्द्रको स्थापना गरी कृषि पर्यटनमा जोड दिइनेछ। त्यसका लागि उत्पादन समूहहरुलाई निश्चित बिउ र बजारसम्म पुऱ्याउनका लागि ढुवानी अनुदानको व्यवस्था गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका जडिबुटीहरुको पहिचान गरी जडीबुटीमा आधारित उद्योग स्थापनाको लागि पहलकदमी अगाडि बढाइनेछ ।

१५. मारिङ कृषि अनुसन्धान केन्द्रलाई नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा कृषि अनुसन्धानका लागि प्रयोगशाला स्थापना र सामूहिक खेती प्रणालीको नमूनाको रुपमा विकास गरी कृषि उद्योग र कृषि पर्यटनको नमूनाको रुपमा विकास गरिनेछ । व्यक्तिगत तथा सामुदायिक होमस्टे सञ्चालनमा ल्याइनेछ । यसका लागि सहयोगी निकाय र विशेष अनुदानको पहल गरिनेछ ।

१६. सहकारीको माध्ययमबाट उत्पादित वस्तु तथा सेवाहरुको प्रवर्द्धन र बजारीकरण गरिनेछ । त्यसका लागि वडा नं ९ चुनबाङस्थित गैरीगाउँ र वडा नं. २ स्थित खाबाङबगरमा निर्मित कृषि उपज संकलन केन्द्रलाई सञ्चालनमा ल्याइनेछ ।

१७. निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई व्यवस्थित गरिनेछ। सम्भाव्यता अध्ययन भैसकेका जलविद्युत आयोजनाहरुको विस्तृत परियोजना निर्माण गरी एउटा जलविद्युत आयोजनामा संघीय सरकार तथा प्रदेश सरकारसँग स्थानीय तहको लगानी साझेदारीमा सञ्चालन हुने गरी जलविद्युत आयोजना निर्माण कार्य शुरु गरिनेछ ।

१८. अन्तर जिल्ला, अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँटोलसम्म सडक संजालको सुनिश्चत गरी यस वर्ष सबै गाउँहरुलाई सडक सञ्जालले जोडिनेछ। सडक नपुगेका ठाउँहरुमा नयाँ ट्रयाक खोल्ने र ट्रयाक खोलिएका सडकहरुमा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। सडक यातायातलाई बाह्रै महिना निरन्तर सुचारु गर्न आवश्यक व्यवस्था र पहल गरिनेछ।

१९. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ । शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

**उपस्थित महानुभावहरु तथा आम गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु,**

२०. भूमे गाउँपालिकामा एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि कार्ययोजना बमोजिम हरित गाउँ निर्माण कार्यलाई निरन्तरता र विस्तार गरिनेछ । छनौटमा परेका स्मार्ट भिलेज निर्माणका लागि आवश्यक पूर्वाधार विकासको सुरुवात गरिनेछ । आगामी आर्थिक वर्षलाई **वृक्षारोपण वर्ष**को रुपमा मनाइनेछ ।

२१. नमूना सरसफाइयुक्त गाउँपालिका निर्माण गर्ने ३ वर्षे सरसफाइ कार्ययोजना सघन रुपमा कार्यान्वयन गरिनेछ। **सफा र हरियालीः समृद्ध भूमे** नारालाई सार्थक तुल्याउन एक घर दश फलफूल विरुवा, एक घर एक शौचालय, भान्छा सरसफाई कार्यक्रमलाई जोड दिइनेछ । भूमे गाउँपालिका क्षेत्रभित्र पर्ने पुष्पलाल मध्यपहाडी लोकमार्ग र शहिद मार्गका भागलाई फ्रुट तथा ग्रीन करिडोरको रुपमा विकास गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । पूर्ण सरसफाईयुक्त वडा घोषणाका लागि सरसफाई कार्ययोजना कार्यान्वयनमा दण्ड र पुरस्कारको नीति कार्यान्वयनका साथै सरसफाई सम्बन्धी योजना तथा बजेट विनियोजनमा समेत प्राथमिकता दिइनेछ ।

२२. आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लाथि थप शुल्क व्यहोर्नुपर्ने नीति अवलम्बन्ध गरिनेछ । स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिईनेछ । मुहान संरक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ । फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ । सार्वजनिक स्थल र विद्यालयहरुमा शौचालय निर्माण र फोहर व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको निःशुल्क व्यवस्था गरिनेछ।

२३. नमूना गाउँ टोलहरुमा प्लाष्टिकमुक्त क्षेत्र घोषणा गर्नुका साथै सरसफाई सम्बन्धी नीति र आचारसंहिता पालना नगर्ने व्यक्ति, समूह, टोललाई कानून बमोजिम कारबाहीको दायरामा लिइनेछ । टोल विकास संस्था गठनलाई प्रवर्द्धन गरी टोलस्तरमा सरसफाई, जनचेतनामूलक कार्यक्रममा परिचालन गरिनेछ ।

**उपस्थित महानुभावहरु तथा आम गाउँपालिकाबासी दाजुभाई तथा दिदीबहिनीहरु,**

२४. आम नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँचको अधिकारको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ । ग्रामीण क्षेत्रमा लुप्त रोगहरुको पहिचान र निदानका लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन र स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि पूर्वाधारको आवश्यक व्यवस्थाका साथै स्वास्थ्यकर्मीहरुको दक्षताका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

२५. पर्यटन क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्र अन्तर्गत अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक तथा युद्ध पर्यटन प्रवर्द्धनको लागि भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारका साथै आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ। महत युद्ध स्मारिका बृहत योजना, चुनबाङ जनयुद्ध संग्रहालय, क्याङ्सी जनवादी स्कुललाई जनवादी विद्यालय संग्रहालय, काँक्री आदिवासी जनजाति संग्रहालयलाई अझै प्रभावकारी योजना र कार्यान्वयनको लागि आवश्यक स्रोत व्यवस्थापनका साथै सहयोगी निकाय र प्रदेश तथा संघीय सरकारसँग थप सहयोग र अनुदानका लागि पहल गरिनेछ । प्राकृतिक दृष्य अवलोकनका लागि भ्यू टावर निर्माण गर्न सम्भाव्यता अध्ययन कार्य अगाडि बढाइनेछ ।

२६. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनका लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ। वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुर्‍याइनेछ । सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वय गरिनेछ। सडक लगायतका पूर्वाधार विकास गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने तथा क्षति भएको संख्या बराबरको वृक्षारोपन गर्ने नीति लिइनेछ । मुख्य सडक तथा सहायक सडक वरिपरि सडकको क्षेत्राधिकारसँगै ग्रीन करिडोर तथा फ्रुट करिडोर निर्माणलाई अनिवार्य गरिनेछ ।

२७. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु अनुकूलन योजना मार्फत कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न, विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्न ठोस कदम चालिनेछ ।

२८. गरिबीको रेखामूनि रहेको जनसंख्या, गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न सम्बन्धित विषयगत निकायसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ । कमजोर आर्थिक अवस्था भएका व्यक्ति, जनयुद्धका घाइते, अपाङ्ग र शहिद परिवारहरुलाई आवश्यक सहायताका लागि एउटा छुट्टै कोष खडा गर्न आवश्यक पहल गरिनेछ। सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिइनेछ। दलित समुदायको सशक्तिकरण र क्षमता विकासको लागि विशेष कार्यक्रम बनाई सरकारी तथा गैरसरकारी कार्यालयहरुसँगको साझेदारीमा दलित समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका पेशाहरुलाई व्यवसायीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक संरक्षण तथा सुरक्षाको कार्यक्रम ल्याइनेछ ।

२९. गाउँपालिकाको नीति निर्माण र विकास कार्यक्रममा युवा मष्तिष्कको सदुपयोग गर्ने उद्देश्यले युवा विकास केन्द्र स्थापनाका लागि कानूनी तथा संस्थागत प्रवन्ध गरिनेछ । युवा लक्षित तालिम, खेलकूद लगायतका सम्पूर्ण कार्यक्रमहरु यूवा विकास केन्द्र मार्फत नै सञ्चालन तथा परिचालन गर्ने व्यवस्था मिलाइनेछ । नीति तर्जुमा, विकास गतिविधि, ज्ञानसीप आदान प्रदान तथा हस्तान्तरणमा स्वयंसेवी यूवा शक्तिलाई अधिकतम परिचालन गरिनेछ । उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न छोटो अवधीको तालिम तथा कामको आवद्धताको अवसर निर्माण गरिनेछ ।

३०. ज्ञान सीप भएर पनि बेरोजगार बस्नु परेका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा आयोजना सञ्चालन गरी कोही व्यक्ति पनि बेरोजगार नहुने अवस्थाको सृजना गरिनेछ ।

**यहाँ उपस्थित महानुभावहरु,**

३१. शैक्षिक गुणस्तर कायम गर्न सामुदायिक विद्यालय तथा शिक्षक लक्षित दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ । शिक्षक-विद्यार्थीहरुको क्षमता विकास तथा प्रस्फुटनमा टेवा पुऱ्याउने खालका कार्यक्रमहरुको आयोजना गरिनेछ ।जसका लागि शैक्षिक मेलाको आयोजना गर्नुका साथै नियमित प्र.अ. वैठक, अन्तरविद्यालय अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

३२. विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ। विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गरी कडाइका साथ कार्यान्वयन गरिनेछ । बालमैत्री र प्रविधिमैत्री शिक्षाका लागि नमूना विद्यालय निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ । माध्यामिक विद्यालयहरुमा गुणस्तर कायम गरी प्राविधिक कक्षाहरु संचालनका लागि आवश्यक पहल र व्यवस्था गरिनेछ

३३. सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम जनतामा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकतार औचित्यताका आधारमा स्वयंसेवा कार्यक्रमबाट स्वयंसेवक शिक्षक व्यवस्था गरिनेछ ।

३४. संघीय सरकार र प्रदेश सरकारसँगको आवश्यक पहल तथा समन्वय गरी सामुदायिक विद्यालयको गुणस्तर सुधार, शिक्षक कर्मचारीहरुको पेशागत दक्षतामा वृद्धि गर्न आवश्यक पूर्वाधार सहितको तालिम केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

३५. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा संचार प्रविधि (ICT) पूर्वाधारमा जोड दिइनेछ । सामुदायिक सिकाई केन्द्रलाई ICT पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

३६. गुणस्तरीय विद्यालय, शिक्षक तथा सिकाइ केन्द्रहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्थाका साथै गुणस्तरहीन संस्थाले निश्चित समयभित्र सुधार गर्न नसक्ने र न्यूनतम् विद्यालय संख्या नहुने विद्यालयलाई कक्षा घटुवा, अन्यमा समाहित गर्ने तथा अनुदानको कटौती गर्ने नीति अवलम्बन गरिनेछ।

३७. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लंङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ।

३८. गाउँपालिका क्षेत्रभित्र सबैले सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रवर्द्धन गरिनेछ । विद्यालयहरुमा अडियो भिडियो, सूचना तथा सञ्चार प्रविधिमा आधारित पस्तकालय तथा कक्षा निर्माणमा जोड दिइनेछ । सबै वडा कार्यालय तथा सार्वजनिक निकायलाई इन्टरनेटको पहुँचमा पुऱ्याइनेछ ।

३९. विद्युतीय सरकारको अवधारणाका साथै विद्युतीय शासन, विद्युतीय शिक्षा, टेलिमेडिसिन तथा सूचना प्रविधि साक्षरताका साथै मिडिया साक्षरता सम्बन्धी कार्यक्रमहरू ल्याउन आवश्यक पहल गरिनेछ।

४०. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त बनाइनेछ। वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ । सबै कार्यालयहरुमा सहायताकक्ष स्थापना गरिनेछ ।

४१. जनताको सूचनाको हकको प्रत्याभूति दिलाउन तथा सूचना तथा तथ्यांक व्यवस्थापनको लागि सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी व्यवस्थित गरिनेछ । सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ ।

४२. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। ती निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम सफल पार्न सहयोग पुऱ्याएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।धन्यवाद !

**रामसुर बुढा मगर**

**गाउँपालिका अध्यक्ष**